## मिति २०८२/०२/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. १

सैनामैना नगरपालिकामा सञ्चालित तपसिलका साप्ताहिक हाटबजारहरुको तपसिल बमोजिम न्यूनतम अङ्क कायम गरी तीन बर्षको लागि आय ठेक्काको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | हाटबजारको नाम | नंयूनतम वार्षिक अङ्क रु Vat बाहेक रु | नंयूनतम तीन बर्षको अङ्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | मुर्गिया सोमबार साप्ताहिक हाटबजार सैनामैना ३ | ६९१३९०।- | २०७४१७०।- | |
| २ | मुर्गिया बिहीवार साप्ताहिक हाटबजार सैनामैना ३ | ६२८६७८।- | १८८६०३४।- | |
| ३ | शान्तिटोल शुक्रबार साप्ताहिक हाटबजार सैनामैना ८ | ४६४४१६।- | १३९३२४८।- | |
| | | | | |

### निर्णय नं. २

सैनामैना नगरपालिकाबाट निकासी हुने कवाडी मालवस्तुको तपसिल बमोजिम न्यूनतम अङ्क कायम गरी तीन वर्षको लागि आय ठेक्काको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आय ठेक्का हुने कर विवरण | नंयूनतम वार्षिक अङ्क Vat बाहेक रु | नंयूनतम तीन बर्षको अङ्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | कवाडी मालवस्तु निकासी कर | २३५१५०१।- | ७०५४५०३।- | |

### निर्णय नं. ३

सैनामैना १० र ११ मा सञ्चालन हुने शहरी उत्थानसिल तथा जीवनयापन सुधार तथा आयोजना (URLIP) अन्तर्गत सैनामैना शहरी सडक आयोजनाको रु. १,६८,५८,३३,२८५।२० अक्षरुपी रु एक अर्ब अठ्सट्ठी करोड अन्ठाउन्न लाख तेत्तीस हजार दुई सय पचासी पैसा बीस मात्रको लागत अनुमान र बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।साथै उक्त योजनाको बोलपत्र लगायतका कागजातहरुमा दस्तेखत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०२/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ४

सैनामैना १० र ११ मा सञ्चालन हुने शहरी उत्थानसिल तथा जीवनयापन सुधार तथा आयोजना (URLIP) अन्तर्गत सैनामैना शहरी सडक आयोजनाको रु. १,६८,५८,३३,२८५।२० अक्षरुपी रु एक अर्ब अठ्सट्ठी करोड अन्ठाउन्न लाख तेत्तीस हजार दुई सय पचासी पैसा बीस मात्रको १८ प्रतिशत ले हुने रकम रु. ३०,३४,४९,९९१।३४ ADB, सैनामैना नगरपालिका र नगर विकास कोषको बीचमा भएको सम्झौता बमोजिम नगर विकास कोषबाट ५ प्रतिशत व्याजदरमा ऋण लिने निर्णय गरियो ।

### निर्णय नं. ५

लुम्बिनी प्रदेश रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं. १ र बुटवल उपमहानगरपालिका वडा नं. १२ को सीमा भइ बग्ने बमाहा खोला, सैनामैना नगरपालिका वडा नं. ३ को घमाहा खोला र वडा नं. ९ को बन्द्राहा खोलामा थुप्रिएको नदीजन्य पदार्थ उत्खनन/संकलन कार्यको लागि ग्रिन टाइम कन्सल्टेन्ट प्रा.लि. बाट पेश गरिएको प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ६

सैनामैना नगरपालिकाको कन्चन नदीको प्रारम्भीक वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको राधाकृष्ण मन्दिर दक्षिण राधाकृष्णटोल मध्य क्षेत्र र राधाकृष्ण टोल उत्तर क्षेत्रबाट राष्ट्रिय प्राथमिकता तथा रोहिन्डिहवा क्षेत्रबाट प्रदेश प्राथमिकता प्राप्त तपसिलका आयोजनामा सैनामैना नगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम तोकिएको दररेटमा नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | निर्माण कम्पनीको नाम | नदीजन्य पदार्थ विवरण | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | सालझण्डी-सुगुरे ढुङ्गा सडक स्तरोन्नती | श्री महादेव खिम्ती- अन्जना- प्राकृतिक जे.भी. रुपन्देही | नदीजन्य पदार्थ ग्राभेल | ४५१२ घ.मि. | प्रदेश प्राथमिकता प्राप्त |
| २ | बुटवल गोरुसिङ्गे | SCEGC-ANS- | नदीजन्य | IEE मा उल्लेख | संघीय |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८२/०२/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| | चन्द्रौटा सडक आयोजना | J.V. | पदार्थ ग्राभेल | भए अनुसारको क्षेत्रको नापजाँचको आधारमा एकिन भएको परिमाण १४०८७.२८ घ.मि. | प्राथमिकता प्राप्त |

निर्णय नं. ७

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुपन्देही र सैनामैना नगरपालिका बीच Heat and Health Initive आयोजना र बहुप्रकोप पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी मिति २०८२/०२/०७ मा भएको समझदारी पत्र अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

सैनामैना नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत सि.नं. १३७ नदीजन्य पदार्थ निकासी हुने सडक नाका मर्मत शिर्षकबाट घमाहा कजवेको पश्चिम तर्फ तटवन्धन सैनामैना ३ को लागि रु ३०००००। र शान्तिपुर सुखौरामा नदी तटवन्धन सैनामैना ६ को लागि रु ५०००००। विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

सैनामैना नगरपालिकाका तपसिलका कार्यविधि/मापदण्ड/योजना स्वीकृत गर्ने निर्णय गरियो ।

१. सैनामैना नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि २०८२
२. सैनामैना नगरपालिकाको राहत मापदण्ड २०८२
३. सैनामैना नगरपालिकाको पञ्च वर्षिय शिक्षा योजना (२०८१/०८२-२०८५/०८६)

निर्णय नं. १०

महालेखा परीक्षकको कार्यालयवाट प्राप्त सैनामैना नगरपालिकाको आ.व. २०८०/०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा जानकारी भयो र वेरुजु घट्दै गइरहेकोले नगरपालिकालाई शुन्य वेरुजुमा लैजान सवैले आ-आफ्नो तर्फवाट आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन उपाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०२/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ११

यस सैनामैना नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. १४४१ मिति २०८२/०२/०७ गतेको प्राप्त पत्रानुसार जिल्ला रुपन्देही सैनामैना नगरपालिका वडा नं. ९ बस्ने पुष्पा गुरुङ्ग थारुले साविक सालझण्डी गा.वि.स.मा मिति २०७३/०६/०९ गते दर्ता गराएको तिरथा थारुको नाती हरि प्रसाद थारु तथा पुष्पा गुरुङ्ग थारुको छोरा जन्म दर्ता नं. १८१ को करण थारुको जन्म दर्ताको प्रमाणपत्रमा आमाको नाम आसिया थारु हुनु पर्नेमा सूचकले आफ्नो छोरा बनाई झुटा विवरण दिइ जन्म दर्ता गरेकोले सूचक पुष्पा गुरुङ्ग थारुले साविक सालझण्डी गा.वि.स. मा झुटा विवरण पेश गरी जारी भएको दर्ता नं. १८१ मिति २०७३/०६/०९ गतेको जन्म दर्ता (परिचयपत्र नं. २०५८०९०८०१३०५) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन २०७६ को दफा २४ बनुसार बदर गराउन स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष पठाउने विषयको नगर प्रमुखबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं. १२

जिल्ला प्रशासन कार्यालय रुपन्देहीको च.नं. ८९२४ मिति २०८२/०२/०२ को पत्रबाट जिल्ला विपद् व्यवस्थापन समितिको लागि विभिन्न विकास आयोजना तथा नदी अनुगमन एवं विपद व्यवस्थापनको लागि एक थान ड्रोन क्यामरा उपलब्ध गराइ सहयोग गरिदिनुहुन भनी अनुरोध भइ आएकोले जिल्ला विपद व्यवस्थापन समितिको लागि जिल्ला प्रशासन कार्यालयमा रहने गरी विपद व्यवस्थापन कोषबाट रु. २०३००० को लागतमा एक थान ड्रोन क्यामरा खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

### निर्णय नं. १३

सुपर परियोजना र सैनामैना नगरपालिका बीच भएको सम्झौता अनुसार विपद पूर्व तयारीको लागि पाल्पा जिल्लाको रैनादेवी छहरा गाउँपालिका वडा नं. ७ तुसारेपानीमा बर्षा मापन केन्द्र निर्माण गर्न तथा सैनामैना नगरपालिकामा तापक्रम र आद्रता मापन यन्त्र खरिदको लागि विपद व्यवस्थापन कोषबाट रु ५०००००। सुपर परियोजनामा लागत साझेदारी गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०२/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. १४

प्रदेश सरकार हस्तान्तरित कार्यक्रम अन्तर्गत आइ सि टि केन्द्र निर्माणको लागि प्राप्त रु २००००००। बाट पर्रोहा मा.वि. र रामापुर मा.वि. मा आइ सि टि केन्द्र निर्माण गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

### निर्णय नं. १५

सैनामैना नगरपालिकाको ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मर्मत सम्भार कोषबाट तपसिलका योजना सञ्चालन गर्ने निर्णय गरियो ।

| क्रं.सं. | योजनाको नाम र स्थान | विनियोजित रु | कैफियत |
|---|---|---|---|
| १ | रामनगर देखि पश्चिम ईगुरिया पुल सम्म जोड्ने नाली निर्माण सैनामैना ७ | २५०००० | |
| २ | श्री मलमलादेवी मा.वि.को गेट देखि विद्यालव भवन सम्म जाने सडक मर्मत सैनामैना ५ | २५०००० | |
| ३ | वनकट्टी टोलमा चौपारी देखि रिङ्गरोड सम्म सडकमा भू-क्षय नियन्त्रण तथा सडक मर्मत सैनामैना ११ | १००००० | |
| ४ | सहमत टोल स्थित हरियाली पथमा रहेको कल्भर्टको विङ्गवाल निर्माण सैनामैना ९ | २००००० | |
| ५ | चिसापानी दुई मुहान सडक नाली निर्माण सैनामैना ११ | ३००००० | |
| ६ | प्रगति टोल आमा समूहको अधुरो भवन निर्माण सैनामैना ४ | ५०००० | |
| ७ | संकल्प समूह नजिक सडक मर्मत सैनामैना ५ | २००००० | |
| ८ | मलमला कृषक समूह बोरिङ्ग मर्मत तथा मटर खरिद सैनामैना ६ | २५०००० | |
| ९ | पुष्पनगर देखि हाटबजार जाने सडक मर्मत सैनामैना ३ | १००००० | |
| १० | कोशेली घर निर्माण स्थलमा रिटेनिङ्ग वाल निर्माण सैनामैना १० | १२९६७२ | |
| ११ | पाणिनी तपोभूमी महोत्सवको लागि स्वागत गेट निर्माण सैनामैना १० | ४०००० | |
| | जम्मा रु | १८६९६७२ | |

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

# मिति २०८२/०२/१३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयहरु

## निर्णय नं. १६

हिमाल ग्रुप निर्माण व्यवसाय उद्योगको प्राप्त पत्रानुसार कवाडी मालवस्तुको निकासी करको आय ठेक्काको अन्तिम किस्ताको रकम जम्मा गर्नै म्याद २०८२/०२/१५ सम्म थप गर्ने निर्णय गरियो ।

## निर्णय नं. १७

सैनामैना नगरपालिकाको सत्रौं नगर सभाको बैठक २०८२/०३/०४ गते बुधवार दिउसो १ बजे नगरपालिकाको सभाहलमा आह्वान गर्ने निर्णय गरियो ।

## निर्णय नं. १८

सैनामैना नगरपालिका वडा नं. ९ बस्ने नन्दकली दर्लामी लाई सुगर रोग लागी हात समेत काटो उपचार गर्नु पर्ने भएको र निजको घरको आर्थिक अवस्था निकै कमजोर भएकोले औषधी उपचार सहयोग बापत रु २००००। सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. १९

सैनामैना नगरपालिका वडा नं. १० पूर्व नगर कार्यपालिका सदस्य एवं नगर स्तरीय मेलमिलापकर्ता श्री कल्पना कुँवरको नगरपालिकाबाट आयोजित अध्ययन अवलोकन भ्रमणको क्रममा खुट्टा फ्याक्चर भएकोले निजको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

## निर्णय नं. २०

जनकल्याण माध्यमिक विद्यालयको बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ता श्री लालकुमारी ज्ञवालीलाई नगर सिक्षा समितिको सिफारिस अनुसार जनकल्याण मा.वि. बाट रामापुर मा.वि. मा कामकाजमा खटाउने निर्णय गरियो ।

## निर्णय नं. २१

सैनामैना नगरपालिका वडा नं. ८ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत वडा स्तरीय युवा क्लबलाई लागु औषध विरुद्ध सचेतना कार्यक्रमको लागि विनियोजित रु ५००००। बाट महिलाहरुको लागि सीपमुलक तालिम सैनामैना ८ शिर्षकमा योजना संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

मिति २०८२/०२/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. २२

सैनामैना नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत महिला सँग उपप्रमुख कार्यक्रम अन्तर्गत महिला जन प्रतिनिधिहरुलाई उद्घोषण तालिमको रु १०००००। बाट एकल महिलाहरुलाई सीप विकास तथा क्षमता विकास तालिम शिर्षकमा रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

सैनामैना नगरपालिका वडा नं. २ को सि.नं. ८ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा स्तरीय युवा परिषदको लागि नेतृत्व विकास तथा सचेतना कार्यक्रमको लागि रु १०००००। विनियोजन भएकोमा उक्त कार्यक्रमलाई संशोधन गरी अचार बनाउने तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

सैनामैना नगरपालिका वडा नं. ६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा कार्यालय वरिपरी वृक्षारोपण तथा बेन्ची निर्माण शिर्षकमा रहेको रु १०००००। लाई संशोधन गरी जनजागृती महिला समूहको अधुरो भवन निर्माण योजना सञ्चालन गर्ने निर्णय गरियो ।

जीवन रावाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख